नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# यातायात व्यवस्था विभाग

मीनभवन, काठमाण्डौं।

फोन ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८ (महानिर्देशक)
४४७४७६७ (निर्देशक प्र)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np

पत्र संख्या: २०८२/०८३
चलानी नं: प्रा.११३४

मिति: २०८२।१०।२७

श्री यातायात व्यवस्था तथा संचार मन्त्रालय, कोशी प्रदेश, विराटनगर, मोरङ्ग ।
श्री श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
श्री श्रम, रोजगार तथा यातायात मन्त्रायलय, वागमती प्रदेश, हेटौंडा, मकवानपुर ।
श्री भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश, पोखरा, कास्की ।
श्री उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी) ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, कर्णाली प्रदेश, विरेन्द्रनगर, सुर्खेत ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूर पश्चिम प्रदेश, धनगढी, कैलाली ।

विषयः <u>मालवाहक सवारीको भारवहन सम्बन्धमा ।</u>

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६(३) मा मालवाहक सवारीको दर्ताको प्रमाणपत्रमा कुल वजन (GVW/GCW), भारवहन क्षमता तथा भाररहित वजन समेत छुट्टाछुट्टै रुपमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी मालवाहक सवारीको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४ (संशोधन) को बुँदा नं. ९(क) र १३ (क) २ तथा अनुसूची-१ मा भएको व्यवस्था अनुसार सडकमा संचालन गर्दा कायम हुनुपर्ने कुल वजन समेत प्रष्टसँग बुझिने गरी जनाउनुपर्ने व्यवस्था रहेको विदितै छ । यातायात व्यवस्था विभागबाट यस विषयमा पटक-पटक परिपत्र समेत भएको छ । पछिल्लो पटक मिति २०८१/१०/११ र मिति २०८२/३/१२ मा समेत यस विषयमा पत्राचार गरिएको थियो।

पटक-पटकका अनुरोधलाई वेवास्ता गरि केहि यातायात व्यवस्था कार्यालयहरुले हालका दिनमा समेत मालवाहक सवारीको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४ (संशोधन) को बुँदा नं.१३ (क) २ तथा अनुसूची-१ मा भएको व्यवस्था विपरीत आफूखुशी सवारीको GVW तथा payload कायम गर्ने गरेको देखिएकोले निर्देशिका विपरीत भएका कामकारवाही तत्काल सच्याउने साथै कार्यालयहरुबाट जारी हुने सवारी दर्ता प्रमाणपत्र, बाटो इजाजत पत्र तथा जाँचपास प्रमाणपत्र समेतमा स्पष्ट रुपमा सवारीको कुल वजन (GVW) तथा भारवहन क्षमता (Carrying Capacity) उल्लेख गर्ने र सोको अनुगमन समेत हुने व्यवस्थाकालागि तहा मन्त्रालयवाट निर्देशन हुन विभागको मिति २०८२/१०/२६ को निर्णय अनुसार अनुरोध गरिन्छ।

............................
(सञ्जय कुमार थिङ्ग)
मेकानिकल इन्जिनियर

<u>बोधार्थ:</u>

१. श्री प्रहरी प्रधान कार्यालय, राजमार्ग सुरक्षा तथा ट्राफिक नियमन महाशाखा,नक्सालः-
तहाँ मातहतका ट्राफिक प्रहरी कार्यालयहरुबाट हुने अनुगमनको क्रममा उपरोक्त अनुसार नियमन तथा नियन्त्रणको व्यवस्थाको लागि अनुरोध छ ।
२. श्री सवारी परीक्षण कार्यालय, सबै ।
३. श्री नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ।
४. श्री नेपाल ट्रक व्यवसायी राष्ट्रिय महासंघ।

CamScanner

७. **तौलपुलहरुको अनुगमन सम्बन्धी व्यवस्थाः** सञ्चालित तौलपुलहरुको यस निर्देशिका बमोजिम अनुगमन गर्ने जिम्मेवारी विभाग, विभाग मातहतका कार्यालय वा विभागबाट सोको लागि अधिकार प्राप्त निकाय वा अधिकारीको हुनेछ ।[11]

८. **कर्मचारी खटाउन सकिनेः** विभागले प्रकरण ४ अनुसार संचालन भएका तौलपुलहरुमा विभाग वा सम्बन्धित यातायात व्यवस्था कार्यालय तथा ट्राफिक प्रहरीलाई भारवहन नियमन गर्न खटाउन सक्नेछ ।

९. **जरिवाना सम्बन्धी व्यवस्थाः** सडकमा सञ्चालन हुँदा दफा ९क को अधिकतम सीमा वा अनुसूची-१ मा उल्लिखित अधिकतम कूल वजन वा एक्जल लोड भन्दा बढी भारवहन गरेको मालवाहक सवारीलाई प्रचलित कानून अनुसारको जरिवाना गरी भार मिलाएर मात्र सवारी सञ्चालन गर्न दिइनेछ ।[12]

तर जरिवाना लगाउने अधिकार प्राप्त अधिकारीले भौगोलिक अवस्था, सामानको प्रकृति र सवारी साधनको तत्कालिन स्वरूप समेत विचार गरी अनुसूची-१ मा तोकिएको वजनको २.५% सम्मको अधिक वजन बोकेको मालवाहक सवारीलाई जरिवाना नगरी सवारी धनी वा चालकलाई सचेत मात्र गराई छोडिदिन सक्नेछ।

क) अधिकतम सीमा भन्दा बढी कुल वजन हुन नहुनेः[13]

यस निर्देशिकाको अनुसूची १ बमोजिम कुनै मालवाहक सवारीको अधिकतम वजन जतिसुकै हुन आए पनि सडकमा सञ्चालन गर्दा मालवाहक सवारीको कुल वजन रिजिड ट्रकको हकमा अधिकतम ३५ टन र ट्रेलर वा सेमी ट्रेलरको हकमा अधिकतम ४९ टन भन्दा बढी हुनु हुँदैन ।

---

[11] पहिलो संशोधन

[12] पहिलो संशोधन

[13] दफा ९ क थप भएको

(५) (क) उपदफा (५) बमोजिमको अनुगमनको क्रममा कुनै मालवाहक सवारीको कुल वजन अनुसूची १ मा तोकिए अनुसार भन्दा बढी पाइएमा त्यस्तो सवारी धनीले दफा ९ बमोजिमको जरिवाना बुझाई बढी हुने आयतन बराबरको निर्माण सामाग्री दफा १० को उपदफा (१) बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

६) बिशेष परिस्थितिमा पेट्रोलियम पदार्थ तथा ग्यासबुलेटहरुलाई तौलपूलको प्रयोग नगरी सामग्री ढुवानी गर्न गराउन सकिनेछ । तर त्यस्ता टयांकर तथा बुलेटहरुलाई अनुगमन प्रयोजनका लागि सम्बन्धित निकायले जारी गरेको बिल-बिजक आवश्यक पर्नेछ ।

१३.(क) सवारी दर्ता प्रमाणपत्रमा वजन सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने: [19]

(१) मालवाहक सवारीको सवारी दर्ता प्रमाणपत्रमा कूल वजन उल्लेख गर्दा सम्बन्धित कार्यालयले सवारी उत्पादक कम्पनीले तोकेको कूल वजन (Gross Vehicle Weight) उल्लेख गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि कुनै मालवाहक सवारीको उत्पादक कम्पनीले तोकेको कूल वजन अनुसूची १मा तोकिएको अधिकतम एक्जल भार अनुसार हुन आउने कूल वजन भन्दा बढी भएमा सम्बन्धित कार्यालयले अनुसूची १ अनुसार हुन आउने कूल वजन भन्दा नबढ्ने गरी त्यस्तो सवारी सडकमा सञ्चालन गर्दा कायम हुनु पर्ने कूल

[19] दफा १३ क थप भएको



नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

वजन सवारी दर्ता प्रमाणपत्रको कुनै पानामा प्रष्टसंग बुझिने गरी जनाउनु पर्नेछ ।

(३) यो दफा लागू हुन पूर्व दर्ता भइसकेका मालवाहक सवारीको नियमित जाँचपासको क्रममा उपदफा (२) बमोजिमको अवस्था रहेको देखिएमा सम्बन्धित कार्यालयले त्यस्तो सवारीको दर्ता प्रमाणपत्रको कुनै पानामा अनुसूची (१) मा तोकिए भन्दा बढी नहुने गरी सडकमा सञ्चालन गर्दा कायम हुनु पर्ने कूल वजन सवारी सडकमा सञ्चालन गर्दा कायम हुनु पर्ने कूल उल्लेख गर्नु पर्नेछ ।

(४) मालवाहक सवारीको दर्ता प्रमाणपत्रमा वजन क्षमता (payload) उल्लेख गर्दा उत्पादक कम्पनीले बडी समेत तयार गरेको सवारीको हकमा मात्र अनुसूची १ अनुसार हुने सवारीको कूल वजन (Gross Vehicle Weight) बाट उत्पादकले निर्धारण गरे अनुसारको कर्ब वजन (Kerb Weight) घटाउँदा हुन आउने वजन उल्लेख गर्नु पर्नेछ । उत्पादक कम्पनीले च्यासिस मात्र बनाई तेस्रो पक्षले बडी निर्माण गरेको मालवाहक सवारीको हकमा स्वीकृतिप्राप्त तौलपुलमा Kerb Weight मापन गर्न लागाई मात्र कार्यालयले त्यस्तो सवारीको वजन क्षमता (payload) उल्लेख गर्न सक्नेछ । Payload खुलाउँदा कार्यालयले सवारीको Kerb Weight समेत खुलाउनु पर्नेछ ।

१४. विविध:

१) यस निर्देशिकामा उल्लिखित कुनै पनि विषयमा यातायात व्यवस्था विभागको सिफारिशमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आवश्यकता अनुसार संशोधन वा खारेजी गर्न सक्ने छ ।

## अनुसूची-१

### (मालवाहक सवारी साधनको कुल वजन/भारवहन क्षमता)

| सि.नं. | सवारीको प्रकार | अधिकतम एक्सल भार, टन | अधिकतम सवारीको कूल वजन, टन |
|---|---|---|---|
| १. | दुई एक्सल (चार पांग्रा) | | १२.० |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | पछाडी एक्सल (२ पांग्रा) | ६.० | |
| २. | दुई एक्सल ६ पांग्रा | | १६.२ |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | पछाडी एक्सल (४ पांग्रा) | १०.२ | |
| ३. | तीन एक्सल ट्रक | | २५ |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | पछाडी एक्सल (आठ पांग्राः | १९.० | |
| ४. | चार एक्सल ट्रक (१२ | | ३१.० |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | लिफ्ट एक्सल (२ पांग्रा) | ६.० | |
| | पछाडी एक्सल (८ पांग्रा- | १९.० | |
| ५. | चार एक्सल (१४ पांग्रा) | | ३०.० |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | पछाडीका (३ एक्सल | २४.० | |
| ६. | पाँच एक्सल (१८ पांग्रा) | | ४०.२ |
| | अगाडी एक्सल (२ पांग्रा) | ६.० | |
| | बिचको एक्सल (४ पांग्रा) | १०.२ | |
| | पछाडीका (३ एक्सल | २४.० | |

**नोटः** सवारीले बोक्न पाउने अधिकतम कुल वजन निम्न अनुसारको एक्सल लोडको योगफल हुने छः-

१. सवारीको अगाडिको वा अन्य दुई पांग्रा जोड्ने एक्सलः ६ टन

२. एकल एक्सल (यदि नजिकको अर्को एक्सल २.५ मिटर भन्दा टाढा भएमा) : १०.२ टन
३. Tandem एक्सल: १९ टन
४. Tridem एक्सल: २४ टन



नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय यातायात व्यवस्था विभाग मिनभवन, काठमाडौं